आज मिति २०८० साल मंसिर २५ गते सोमबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा २३ (तेइसौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

**उपस्थिति**

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री ईश्वरी प्रसाद शर्मा

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. आर्थिक वर्ष २०८०/०८१ को लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन कार्य-प्रकृया सम्बन्धमा।
३. हाल संचालन भई रहेको एकीकृत घुम्ती सेवाको समिक्षा सम्बन्धमा।
४. २६ नम्बर बाहिनीको सहकार्यमा संचालन गरिने विपद् व्यवस्थापन सम्बन्धी तालिमको लागि सहभागी छनोट गर्ने सम्बन्धमा।
५. वडास्तरीय विद्यालय अनुगमन प्रतिवेदन सम्बन्धमा।
६. स्वास्थ्य क्षेत्रको विविध सुधार तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा।
७. दोश्रो नगर सभाको चौथो अधिवेशन (हिउँदे अधिवेशन) को तयारी सम्बन्धमा।
८. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. एम्बुलेन्स हस्तान्तरण गर्ने सम्बन्धमा।
३. आधारभूत स्वास्थ्य चौकीको भवन थप गर्ने सम्बन्धमा।
४. दाप्चा खोला कोरिडोर सीमांकन गर्ने सम्बन्धमा।
५. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नमोबुद्ध नगरपालिका वडा नम्बर ०७ मा संचालित दर्ता नम्बर २३८५९७/०७७/०७८ कायम भएको यस नगरपालिकाबाट स्वीकृत प्रास श्री भकुण्डे हस्पिटल प्रा.लि.को प.सं. २०८०/०८१, च.नं. ०४, मिति २०८०/०८/२५ गतेको एम्बुलेन्स उपलब्ध गराईदिनुहुन सम्बन्धी प्रास पत्रका सन्दर्भमा यस नगरपालिकामा हाल संचालनमा रहेको सवारी दर्ता नम्बर बा २ झ ३३१२, सवारी मोडेल Safari Storme 2X, हर्ष पावर/सि.सि. २१७९, च्यासिस नम्बर MAT६१७०३३E९CO२३२९, इन्जिन नम्बर २.२LDICORA९CUYJ०४०२७, सवारी रङ्ग Pearl Chmpgh, इन्धन डिजेल विवरण रहेको एम्बुलेन्स

नगरपालिकाले तोकेको मापदण्ड, सुविधा र शुल्क अनुसार संचालन गर्ने गरी र सो एम्बुलेन्स संचालन गर्दा लाग्ने इन्धन, जनशक्ति व्यवस्थापन, मर्मत लगायत सम्पूर्ण खर्च भकुण्डे हस्पिटल प्रा.लि.ले नै व्यहोर्ने गरी नगरपालिकाकै स्वामित्वमा रहने गरी संचालन गर्नका हस्तान्तरण गर्ने साथै नगरपालिकाले तोकेको शर्त र सम्झौता बमोजिम संचालन नगरेमा नगरपालिकाले जुन अवस्थामा हस्तान्तरण गरेको हो सोही बमोजिम फिर्ता गर्ने र गराउन।

**निर्णय नम्बर ३:**

नमोबुद्ध नगरपालिकाको वडा नम्बर ११ स्थित कुरूगाउँ आधारभूत स्वास्थ्य चौकीको हाल रहेको भवन एक तल्लाको मात्र रहेको र सो भवनबाट सेवा प्रदान गर्नको लागि कार्यकक्षको कमी भएको हुँदा सो स्वास्थ्य चौकीको भवनमा तल्ला थप गरी पूर्णता गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार लगायतका सम्बन्धित निकायमा आवश्यक बजेट विनियोजन गर्नका लागि अनुरोध गर्ने।

**निर्णय नम्बर ४:**

नमोबुद्ध नगरपालिकाको वडा नम्बर ७ स्थित दाप्चाखोलाको घुमाउने दह (हाल प्लटिङ भएको क्षेत्रमा जाने पुल) देखि भोक्से दह पुल सम्मको खण्डमा कोरिडोर निर्माणको लागि प्राविधिकको सहयोगबाट नगरपालिकाले तोकेको मापदण्ड अनुसार सीमांकन गर्ने।